# प्रेस विज्ञप्ति

## माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल र नेपालका लागि भारतका महामहिम राजदूत विनय मोहन क्वात्रा बीच शिष्टाचार भेट

माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल **र** नेपालका लागि भारतका महामहिम राजदूत विनय मोहन क्वात्रा बीच आज अर्थ मन्त्रालयमा शिष्टाचार भेट भयो ।

उक्त भेटमा माननीय अर्थमन्त्रीले नेपालको विकासका लागि भारत सरकारबाट निरन्तर प्राप्त सहयोगको लागि धन्यवाद दिनुभयो ।

माननीय अर्थमन्त्री र महामहिम राजदूत बीच द्विपक्षीय आर्थिक सहयोग, व्यापार र लगानी, कोभिड - १९ को महामारी नियन्त्रण लगायतका विषयमा छलफल भयो ।

माननीय अर्थमन्त्रीले भूकम्प पश्चातको पुनर्निर्माणका लागि भारत सरकारले गरेको सहयोगको लागि धन्यवाद दिनुभयो । साथै, कोभिड - १९ विरुद्ध नेपाल सरकारले चालेका कदमको जानकारी गराउनु हुँदै यस विरुद्ध सहकार्यको आवश्यकता रहेको बताउनु भयो ।

महामहिम राजदूत क्वात्राले माननीय अर्थमन्त्रीलाई बधाई दिनु हुँदै सफल कार्यकालको शुभकामना दिनुभयो । उहाँले नेपाल र भारत बीच धेरै पुरानो सम्बन्ध भएको उल्लेख गर्दै भारत सरकारले नेपालसगँ सहकार्य गर्दै आगामी दिनमा सहयोगलाई निरन्तरता दिने बताउनु भयो ।

**२०७७ कार्तिक १८**

**अर्थ मन्त्रालय**